बैठक संख्या-१०

आज मिति २०८१ साल पौष २१ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री छविलाल न्यौपाने | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री रितेश तामाङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुर्जे तामाङ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री यादव ठकुरी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तेज बहादुर पराजुली | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री गृबिन्द्र कुमार चौंलागाई | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री सुर्य बहादुर तामाङ | सदस्य सचिव | |

आमन्त्रितः

| | | |
|---|---|---|
| १. नारायण प्र. न्यौपाने | लेखा पाल | |
| २. श्री माधव अधिकारी | प्र.प्र.अ. | |
| ३. श्री नारायण पराजुली | क.अ. | |

मिति २०८१/०९/२१ को बलेफी गाउँकार्यपालिका बैठक

बैठक संख्या-१०

**प्रस्तावहरु :**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. गाउँ सभाको हिउँदे अधिवेशन सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

**निर्णयहरु**

१. अघिल्लो बैठकमा भएको निर्णयहरु सन्तोषजनक रुपमा कार्यन्वयन भईरहेको निर्णय गरियो ।

२. यस गाउँपालिकाको आ.ब. २०८१।०८२ को गाउँ सभाको हिउँदे अधिवेशन २०८१ माघ २५ गते बिहिबार गर्ने निर्णय गरियो ।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. २६ मिति २०८१/०४/०१ गतेको सुझाव कार्यान्वयन सम्बन्धि प्रास पत्रको गहन अध्ययन गरी दिएका सुझावहरुलाई कार्यान्वयन गर्न संघीय शिक्षा ऐन २०२८ (पछिल्लो संशोधन सहित) शिक्षा नियमावली २०५९, शिक्षक सेवा नियमावली २०५७ र बलेफी गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ (पछिल्लो संशोधन सहित) गहन अध्ययन गरी उल्लिखित कानूनमा बाझिएका विषयहरु अध्ययन गरी फागुन मसान्त भित्र प्रतिवेदन पेश गर्न तपसिल बमोजिमका अध्ययन समिति निर्माण गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| सामाजिक विकास समितिका श्री रमेश कुमार श्रेष्ठ | - संयोजक |
| शिक्षक महासंघ अध्यक्ष श्री कृष्ण प्रसाद तिमल्सिना | - सदस्य |
| १ नं वडाध्यक्ष श्री हुप बहादुर खड्का | - सदस्य |

४. ब्वाँसे पारिलो तामाङ टोलको लागि खरिद गरिएको क्याटरिङका सामाग्रीहरु (भाँडाकुँडा तथा प्लाष्टिक कुर्सिहरु) सम्बन्धित टोल विकास समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

५. चालु आ. ब. २०८१/८२ मा बलेफी गाउँपालिका ४ नं. वडा कार्यालयले श्री जालपादेवी मावि अनुदान शीर्षकमा विनियोजन गरेको रु. २,००,०००/- (अक्षरुपी दुई लाख मात्र) मध्येबाट रु. १,००,०००/- (अक्षरुपी एक लाख मात्र) श्री जनसेवा आधारभूत विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

६. गत आ. ब. २०८०/८१ मा वडा नं ७ को कृषकहरुको लागत साझेदारीमा खरिद भएको मिनिटिलर (ट्याक्टर) सम्बन्धित कृषकहरुले वुझिलिएको हुदा उक्त सामाग्रीहरु हस्तान्तरण गर्ने निर्णय भयो ।

७. बलेफी गाउँपालिका वडा नं २ को बलेफी जलविरे सडक खण्डको अर्चले पहिरो पन्छाउनका लागि लागेको डिजेल खर्चको विल बमोजिमको रकम रु. २३, २१२/- विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

८. यस बलेफी गाउँपालिकाको कार्यालयमा कार्यरत तपसिलका कर्मचारीहरुको बागमती प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ३० बमोजिम सम्बन्धित सेवा समूह र उपसमूहको पदमा तहबृद्धि गर्ने निर्णय गरियो ।

मिति २०८१/०९/२१ को बलेफी गाउँकार्यपालिका बैठक

बैठक संख्या-१०

| क्र. सं. | कर्मचारीको नामथर | सेवा, समूह | पद | तहबृद्धि हुने पद | लागु हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री सन्देश सापकोटा | प्रशासन, सा.प्र. | सहायकस्तर पाचौं | अधिकृतस्तर छैटौं अधिकृत | २०८१/१०/०१ | |
| २ | श्री पुष्कर देव गिरी | प्रशासन, लेखा | आ.ले.प. सहायक पाँचौ | सहायक लेखापरीक्षण अधिकृत (अ. छैठौं तह) | २०८१/१०/०१ | |

९. यस बलेफी गाउँपालिकाको अध्यक्ष श्री गंगा बहादुर तामाङ र उपाध्यक्ष श्री सरु लामा तामाङ कोरिया एकेडेमिक सोसाईटी अफ डिजिटल कन्भर्जेन्स (KASDC) को तर्फबाट २०२४ फेब्रुअरी ०६ देखि फेब्रुअरी ८ सम्म दक्षिण कोरिया, सियोलमा "Empowering Future Cities: Smart Solutions for Sustainable Development" शीर्षकमा हुन गइरहेको आगामी दोस्रो सशक्तिकरण फ्युचर सिटिज कार्यशालामा भाग लिन आधिकारिक निमन्त्रणा प्राप्त भएकोले उक्त कार्याशालामा सहभागी हुन यस गाउँपालिकाले गर्नुपर्ने आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१०. बलेफी गाउँपालिका वडा नं. ६ बस्ने रमेश लामाले बलेफी गाउँपलिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २(१) अनुसार अनुसूची-१ बमोजिमको ढाँचामा शाश्वत इन्जिनियरिङ सोलुसन प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउँ भनी दरखास्त पेश गर्नुभएको र सो सम्बन्धमा ऐ कार्यविधिको दफा २(२) मा भएको व्यवस्था अनुसार यस कार्यालयका ई. श्री सञ्जय प्याकुरेलको संयोजकत्त्वमा गठित जाँचबुझ समितिले अनुसूची-५ बमोजिमको योग्यता भएको भनी प्रतिवेदन पेश गरेको हुँदा उक्त लनि दिनी इन्फास्ट्रक्चर एण्ड मल्टी कम्पनी प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

११. बलेफी गाउँपालिका वडा नं. १ बस्ने राम भक्त श्रेष्ठले बलेफी गाउँपलिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २(१) अनुसार अनुसूची-१ बमोजिमको ढाँचामा सिद्धि बनकाली कन्स्ट्रक्सन प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउँ भनी दरखास्त पेश गर्नुभएको र सो सम्बन्धमा ऐ कार्यविधिको दफा २(२) मा भएको व्यवस्था अनुसार यस कार्यालयका ई. श्री सञ्जय प्याकुरेलको संयोजकत्वमा गठित जाँचबुझ समितिले अनुसूची-५ बमोजिमको योग्यता भएको भनी प्रतिवेदन पेश गरेको हुँदा उक्त लनि दिनी इन्फास्ट्रक्चर एण्ड मल्टी कम्पनी प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

१२. यस बलेफी गाउँपालिका अन्तर्गत वडा नं १ मा रहेको जलविरे प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्टाफ नर्स जसना राउतले मिति २०८१ मंसिर ४ गते राजिनामा स्वीकृत गर्न निवेदन पेश गरेकोले निजको राजिनामा स्वीकृत गरी सो पदमा करार सेवामा १ जना स्टाफ नर्स (सहायक पाँचौं) पदपूर्ति गर्ने निर्णय गरियो ।

१३. यस बलेफी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा गई खेलकुद प्रशिक्षण गर्नको लागि विविध खेलकुदका प्रशिक्षकहरुको सूचीकरण गर्ने निर्णय गरियो ।

१४. जिल्ला खेलकुद विकास समिति, सिन्धुपाल्चोकको आयोजनामा हुने पालिकास्तरीय फूटवल प्रतियोगितामा सहभागी हुन जाने बलेफी गाउँपालिका वडा नं ७ को न्यू सदावाहार युवा क्लबलाई खेलकुद प्रवर्द्धन कार्यक्रमबाट खर्च व्यहोर्ने गरी रु. २५,०००/- (अक्षरुपी पच्चिस हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

१५. नेपाल भलिबल संघको आयोजनामा सिन्धु सुकुटे पर्यटन व्यवसायी संघ र जिल्ला भलिबल संघ सिन्धुपाल्चोक सुकुटे करिडोर सुनकोशी नदिको किनारमा यस क्षेत्रकै पहिलो "८ औं पुरुष तथा ७ औं महिला राष्ट्रिय बिच भलिबल प्रतियोगिता एवं प्रथम साङ्गितिक महोत्सव- २०८१" को आयोजनाको लागि खेलकुद प्रवर्द्धन कार्यक्रमबाट खर्च व्यहोर्ने गरी रु. ५०,०००/- (अक्षरुपी पचास हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

१६. यस बलेफी गाउँपालिका १ नं. वडा कार्यालय, जलविरे भवन निर्माणको लागि आवश्यक जग्गा पास गर्न मालपोत कार्यालय, सिन्धुपाल्चोक र नापी कार्यालय, सिन्धुपाल्चोकमा आवश्यक कामकारबाही तथा पक्रिया पुरा गर्नको लागि यस गाउँपालिकामा सहायक चौथो पद मा कार्यरत वडा नं. १ को वडा सचिव श्री करुणा तिल्सिनालाई आधिकारिक प्रतिनिधिको रुपमा पठाउने निर्णय गरियो ।